# ईर्ष्या

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**संशोधकः मुहम्मद इदरीस सलफी**

2014 - 1435

IslamHouse.com

# الحسد

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة : محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु। (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे।

प्रस्तुत पुस्तिकामा मैले ईर्ष्यालाई आफ्नो लेखको केन्द्रविन्दु बनाएको छु जुनकि हृदयको सबैभन्दा ठूला रोगहरू मध्ये एका हो। जसको कारणले मनुष्यको लोक परलोक दुवै जीवन कष्टमय भइहाल्छ, र मनुष्य दुवै लोकमा सुख शान्तिबाट वंचित रहन्छ। यसै कारण यसको बारेमा प्रमाणसहीत केही लेख्ने प्रयास गरेको छु, यस आशाको साथ कि यो पुस्तक पाठकहरूलाई अवश्य लाभ पुऱ्याउने छ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ। र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन्। अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

**Email- atiqkhannp1982@yahoo.com**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस संसारमा समस्त जीवधारीहरू माथि सुख दुःखको अवस्था आउँदै जाँदै रहन्छ। यस संसारमा कुनै यस्तो जीवधारी छैन जुन यो भन्न सकोस् कि त्यसलाई दुःख लागेकै छैन। दुःख र सुख त दिन रात्री झैं छन् एउटा आएमा दोस्रो पनि अवश्य आउने छ त्यसको प्रतिक्षा गर्दै रहनुस्।

यस्तै कुनै यस्तो जीवधारी छैन जुन यो भन्न सकोस् कि त्यसको स्वास्थ सदैंव एकनास रहन्छ, कहिले पनि त्यसलाई कुनै रोग लागेको छैन। त्यो जन्मदेखि मृत्यु सम्म कुनै रोगमा परेन, यो कुरो असम्भव छ। तर हरेकको रोगको प्रकार भिन्न हुन्छ, कसैलाई यस्तो रोग लाग्छ जुन एक घंटामा संचो हुन्छ। त कतिपयको रोग दुईचार दिन पश्चात निको हुन्छ, त कतिपयको रोग दुईचार महीना वा दुईचार वर्ष पश्चात संचो हुन्छ। त कतिपयलाई यस्तो रोग लागेको हुन्छ कि जति उपचार गराएमा र जति पनि औसधि खाएमा त्यो रोग जीवन भरी संचो हुँदैन। त कतिपयको रोगको कुनै उपचार नै हुँदैन। र कति यस्ता रोगहरू छन् जसलाई चिकित्सक बुझ्न सक्दैनन् र त्यसको उपचार मेडिकल साइन्ससित छैन। यस्तै रोगहरू मध्ये एउटा रोग ईर्ष्या पनि हो।

यो रोग मान्छेको हृदय र आत्मालाई लाग्छ, जसको उपचार कुनै चिकित्सक वा वैधसित छैन। बरु यसको उपचार स्वयम् मनुष्यको आफ्नो हातमा हुन्छ। र यो रोगलाई मान्छेले आफै

आफूलाई लगाउँछ। यो यस्तो घातक रोग हो जुन मान्छेको मृत्युको कारण पनि बन्छ, र नर्कमा जाने कारण पनि। किनकि यो रोग लागे पश्चात यसको साथै अरु रोगहरू लाग्नेछन् जसरी चुक्लखोरी, कञ्जूसी, घृणा, क्रोध आदि। अनि यस प्रकार मनुष्य आफै आफ्नो विनाश गर्छ। यसले गर्दा यस रोगबारे केही चर्चा गर्न चाहन्छु ध्यान दिएर पढ्नुहोला !

ईर्ष्याको अर्थ र परिभाषा : कुनै मान्छे कुनै आर्काको सम्पत्ति, शक्ति, संतान...... आदिलाई घृणा गर्दै यो इच्छा गरोस् कि त्यसको त्यो अनुकम्पा समाप्त भइहालोस्।

अर्थात कसैको उन्नति एवं प्रगतिसित घृणा गर्नु र त्यसलाई समाप्त गराइने इच्छा राख्नुलाई नै इर्ष्या भन्छन्।

यो यस्तो घातक रोग हो जसको कुनै उपचार कसैसंग छैन मात्र अल्लाह सित छ जसले चाहेमा त्यस मान्छेलाई सुमार्गमा लगाई यस रोगबाट मुक्ति प्रदान गर्छ किनकि हाम्रो हृदय उसै अल्लाहको दुईटै औंवलाहरू बीच हुन्छ जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : सबैका हृदयहरू अल्लाहका दुवै औंलाहरू बीच हुन्छन् त्यो जसरी चाहन्छ त्यसलाई घुमाउँछ। ( अल् मुस्तदरक लिल् हाकिम, तिर्मिजी )

त अल्लाह नै त्यसको हृदयलाई यस रोगबाट पवित्र गर्नुमा शक्ति सम्पन्न छ। र यो रोगद्वारा मान्छे जुन मान्छेसित ईर्ष्या राख्छ त्यसलाई कुनै हानि पुऱ्याउन सक्दैन बरु आफ्नै जीवमाथि हानि पुऱ्याउँछ। यस रोगलाई अरबी भाषामा **अल् हसद** भनिन्छ जुन कि इस्लाम धर्ममा मनाही छ अर्थात

निषेधित छ । र ईर्ष्याको एउटा आर्को किसिम पनि छ जसलाई अरबी भाषामा **गबतः** भनिन्छ यसको अर्थ हो कसैको प्रगति हेरी यो इच्छा गर्नु कि अल्लाह मलाई पनि यसै जस्तो बनाओस् । तर त्यसको प्रगतिबाट घृणा नगर्नु बरु त्यसलाई त्यसको उन्नतिमा धन्यवाद दिनु । र यस प्रकारको ईर्ष्या इस्लाममा जायज छ र यो रोग पनि होइन बरु यो त मान्छेलाई सुकर्मी बनाउँछ र त्यसलाई त्यसको पालनकर्ताबाट निकटता प्रदान गर्छ, किनकि त्यो मान्छे त्यस सम्पन्न र प्रगतिशील मान्छे भ्कैं हुनुको लागि आफ्नो पालनकर्ता सित अरु याचना गर्नथाल्छ र त्यस्को स्तुतिमा अरु सुदृढ भइहाल्छ । जस्तो कि हदीसमा वर्णन छ :

अर्थ : इब्ने मसऊद वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि : एउटा मान्छेलाई अल्लाहले कुरआनको ज्ञान प्रदान गरेको छ अनि त्यो मान्छे रात दिन त्यसको पाठ गर्छ, अनि कुनै मान्छेले त्यसलाई यस अवस्थामा हेरेर यो कल्पना गरोस् कि यदि मलाई पनि यस जस्तो ज्ञान भएको भए म पनि यस मानछे भ्कैं पाठ गर्ने थिएं । र आर्को एउटा यस्तो मान्छे छ जसलाई अल्लाहले असीम सम्पत्ति प्रदान गरेको छ अनि त्यो मान्छे तयस सम्पत्तिलाई सुमार्गमा खर्च गर्छ, अनि तयसको यो कार्यलाई हेरी कुनै मान्छे यो कल्पना गरोस् कि यसै जस्तो मलाई पनि माल मिलेको भए म पनि यसै जस्तो सुमार्गमा खर्च गर्ने थिएं । ( बुखारी )

यो किसिम यस्तै हो जस्तो कि कुनै मान्छे कसैसित पुण्यको कार्यमा अगाडि बढ्न चाहोस् वा पुण्यको कार्यमा प्रतिस्पर्धा गरोस् । यो कार्य इस्लामीय दृष्टिले अति उत्तम कार्य हो ।

यदि आज सबै मान्छेहरू भलाई र पुण्यको कार्यमा अघि बढ्न खोजुन् वा त्यसमा प्रतिस्पर्धा गर्नुमा लागुन् भने हाम्रो समाज र हाम्रो देशको कल्याण भइहालछ । र हाम्रो समाज एवं देश प्रगति र उन्नतिले रमाउन थाल्छ, किनकि जब सबै दु:खीको हेरचाह गर्न थाल्छन् र निमुखाहरूको सहायता गर्न थाल्छन् र असहायलाई सहारा दिनुतर्फ लाग्छन्.... भने समाजमा कोही पनि गरीब रहँदैन, यसले गर्दा चोरी डकैतीबाट हाम्रो समाज मुक्त हुनेछ। र निसाहायको सहारा बनेमा निर्लज्जता दुराचार र व्यभिचारबाट हाम्रो समाज मुक्त भइहाल्छ। अनि समाजको उन्नति र प्रगति सुनिश्चित हुनेछ, तत् पश्चात देशको उन्नति हुनेछ । र जब देशको उन्नति हुनेछ भने यो संसार त्यस उन्नतिबाट कसरी वंचित रहन्सक्छ ।

यसै कारण यस्तो कुराहरूमा प्रतिस्पर्धा गर्नुमा इस्लामले जोर दिएको छ बरु उत्साहित गरेको छ । अल्लाहको फर्मान छ :

अर्थ : नि:सन्देह भलादमीहरू ठूलो अनुग्रहमा हुनेछन् । पलंगहरू माथि हेरी राखेका मसहरीहरूबाट हेर्नेछन् । उनीहरूको अनुहारबाटै तिमीलाई ती अनुग्रहहरूको ताजगी र आभाको बोध भई रहनेछ । उनीहरूलाई शीलबन्दी विशुद्ध पेय पिलाइनेछ । जसको शील कस्तुरी को हुनेछ । तसर्थ अनुकम्पा चाहनेले उसैलाई प्राप्त गर्नुमा प्रतिस्पर्धा गर्नु पर्छ । ( सूरतुल् मुतफ्फेफीन २२-२६ )

र हदीसमा वर्णन छ :

अर्थ : हजरत उमर रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूलाई आदेश गर्नु भयो कि हामी दान गरौं, त मैले आफ्नो मनमा भनें: आज म

हजरत अबू बक्र रजिअल्लाहो अन्हो भन्दा अगाडि अवश्य गई हाल्छु, र दान गर्नुमा उनको प्रतिस्पर्धा अवश्य गर्ने छु । अनि मैले आफ्नो पूर्ण सम्पत्तिको आधा भाग लिएर रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष आऐं, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मसित सोध्नु भयो: हे उमर आफ्नो परिवारको लागि के बाँकी छाडेर आएको ? मैले उत्तर दिएं: यति नै जति ल्याएको छु । अनि अबू बक्र रजिअल्लाहो अन्हो पनि थुप्रै धनराशि लिएर आउनु भयो, त उनसित पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सोध्नु भयो : हे अबू बक्र आफ्नो परिवारको लागि शेष के छाडेर आएको ? त अबू बक्रले उत्तर दिए: अल्लाह र अल्लाहको रसूललाई मात्र छाडेर आएको छु । (अर्थात समस्त सम्पत्ति दानको लागि ल्याएको छु) त हजरत उमर भन्नुहुन्छ कि मैले भनें: कि म तिमी भन्दा अगाडि कहिले पनि जान सक्दैन । ( बुखारी, मुस्लिम )

त स्पष्ट भयो कि यस जस्ता प्रतिस्पर्धाहरू इस्लाममा जायज छन् जसबाट समाजको कल्याण हुन्छ, अब चाहे यसलाई प्रतिस्पर्धाको नामले सम्बोधन गरियोस् वा अरु कुनै नामद्वारा । तर जुन आर्काको अनुकम्पा र त्यसको धन सम्पत्तिलाई हेरेर घृणा गरोस् वा त्यसलाई समाप्त हुने इच्छा वा कल्पना राखोस् त यो जायज छैन, र यसैलाई वास्तवमा ईर्ष्या भनिन्छ । किनकि मान्छे त्यस सम्पन्न मान्छेसित मात्र यस कारण ईर्ष्या र घृणा गर्छ कि ऊ त्यसबाट अधिक धनवान छ । र यो यहूदी र ईसाईहरूको क्रियाकलापहरू मध्ये एक हो किनकि उनीहरू आपसमा एकआर्का सित पनि ईर्ष्या राख्थे र मुसलमानहरूसित त उनीहरूको ईर्ष्या र शत्रुता जन्मजातदेखि

नै छ । जस्तो कि उनीहरूको ईर्ष्याको बर्णन गर्दै अल्लाह कुरआनमा भन्छ :

अर्थ : धेरै जसो अहले किताबहरू(यहुदी ईसाईले) सत्य प्रकट भइसकेपछि पनि आफ्ना हृदयमा ईर्ष्या भएको कारण तिमीलाई पनि ईमानबाट विचलित गराउन चाहन्छन् । तिमीपनि क्षमा गर र वेवास्ता गरिदेऊ, यहाँसम्म कि अल्लाहले आफ्नो (अर्को) आदेश पठाओस्, नि:सन्देह अल्लाह हरेक कुरामाथि सामर्थवान छ । ( सूरतुल् बकर: १०९ )

र आर्को ठाउँमा अल्लाहको वर्णन छ :

अर्थ : अथवा अल्लाहले मानिसहरूलाई आफ्नो कृपाले जे प्रदान गरेको छ त्यसमाथि यिनीहरूले ईर्ष्या गर्दछन्, तर हामीले इब्राहीमको वंशजलाई अघि नै किताब र बुद्धि प्रदान गरेका थियौं र ठूलो राज्य-सत्ता पनि दिएका थियौं । ( सूरतुन् निसा ५४ )

र आर्को ठाउँमा अल्लाहको वर्णन छ :

अर्थ : याकूबले भने प्यारो छोरो ! आफ्नो यस सपनाको चर्चा आफ्ना दाजुभाइहरूसँग नगर्नु, नत्र तिनीहरू तिम्रो लागि षड्यन्त्रपूर्ण चाल चल्नेछन् । ( सूरतु यूसुफ ५ )

र आर्को ठाउँमा अल्लाहको वर्णन छ :

अर्थ : तपाई भन्नुस् कि म प्रात: को स्वामीको शरण माग्दछु । हरेक कुरोको नराम्रो कार्यबाट, जुन उसले सृष्टि गरेको छ । र अँध्यारो रातिको अन्धकारबाट, जबकि त्यसको अँध्यारोले ढाँकिहाल्छ । र गाँठोमा फूँक मार्नेहरू (जादू) को नराम्रो कार्यबाट । र ईर्ष्यालुको नराम्रो कार्यबाट पनि जबकि त्यसले ईर्ष्या गर्दछ । ( सुरतुल् फलक १-५ )

उपरोक्तका श्लोकहरूबाट यो निष्कर्ष निष्कन्छ छ कि ईर्ष्या ठूलो रोग र पाप हो, यो जसको हृदयलाई लाग्यो त्यसलाई नाश गरिदियो । र यदि मान्छे यसलाई आफ्नो हृदयबाट झिकेर फाल्नुमा सफल भयो भने त्यसको दुवै जीवन सफल हुन्छ ।

ईर्ष्या त्यो रोग हो जसले विगतका मान्छेहरूलाई बर्बाद गऱ्यो के तपाईलाई थाहा छैन कि ईर्ष्याको कारणले नै यस संसारको पहिलो हत्या भएको थियो । हजरत आदमका दुई संतान हाबील र काबील बीच ईषर्याको कारण नै त्यो घटना घटेको थियो एउटाले आर्को जुन कि त्यस भन्दा अधिक सदाचारी र राम्रो व्यक्ति थियो तयससित ईर्ष्या गऱ्यो र एउटी युवतीको प्राप्तिको लागि आफ्नो भाइको हत्या गऱ्यो । यस कथालाई अल्लाहले कुरआनमा यसरी वर्णन गर्नु भएको छ :

अर्थ : (हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम !) तिनीहरूलाई आदम(अलैहिस्सलाम)का दुईटा छोरा (हाबील र काबील) का कुराहरू पनि सुनाई दिनु कि जब ती दुबैले (अल्लाहलाई) केही भेंट अर्पित गरे, तब एउटाको भेंटी स्वीकार भयो र अर्कोको स्वीकार भएन । उसले (काबीलले) भन्न थाल्यो कि मैले तिमीलाई हत्या गर्नेछु । (हाबीलले) भन्यो कि अल्लाहले आत्म संयमीहरूको कर्म स्वीकार गर्ने गर्दछ । यदि तिमीले मलाई मार्न हात उठाउँछौ भने म तिमीलाई मार्न हात उठाउन्न, मलाई त अल्लाह, सम्पूर्ण ब्रह्माण्डको स्वामीबाट डर लाग्छ । म त चाहन्छु कि तिमीले मेरो पाप र आफ्नो पाप आफ्नै टाउकोमा राख जसले गर्दा तिमी नारकीयहरू मध्येका होऊ र अत्याचारीहरूको लागि यही नै दण्ड हो । यसरी उसको मनले

उसलाई आफ्नो भाइको हत्या गर्न उत्तेजित गऱ्यो अनि उसले त्यसको हत्या गरिहाल्यो र जसबाट आफू हानि भोग्नेहरूमा परिहाल्यो । त्यसपछि अल्लाहले एउटा काग पठायो, जसले कि माटो यसकारण खनी रहेको थियो कि त्यसलाई देखाओस् कि उसले आफ्नो भाइको मृतक शरीर कसरी लुकाओस् । उसले भन्न थाल्यो कि ज्यादै दु:खको कुरो छ कि मबाट यति पनि हुन सकेन कि म यस काग जस्तो आफ्नो भाइको शव लुकाउन सकूँ । अनि उसलाई पछुतो भयो र ऊ लज्जितहरू मध्येको भयो । ( सूरतुल् माइद: २७-३१ )

र हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : अर्थ : कि यस संसारमा कुनै हत्या हुँदैन तर त्यसको पापमा आदमको त्यो छोरा सहमागी हुनेछ जसले पहिलो चोटि हत्या अविष्कार गरेको थियो । ( बुखारी, मुस्लिम, नेसाई, तिर्मिजी, इब्ने माजा )

अर्थात ईर्ष्या ठूलो पाप हो यसले कसै निर्दोषको हत्या पनि गर्नुमा उत्तेजित गर्न सक्छ । र यो रोग आफू साथै अरु अनेकौं रोग लिएर आउँछ जसरी घृणा, कञ्जूसी चुक्ली आदि । त जब मान्छे अरुलाई सफल भइरहेको हेर्छ र ईर्ष्याको कारण त्यसबाट घृणा गर्न थाल्छ र क्रोध र कञ्जूसी गर्न थाल्छ ताकि त्यस मान्छे जस्तो अवस्थामा पुग्न सकोस् । त त्यसको यस कार्यले कतिपय जनालाई दु:ख दिन्छ अनि त्यसका निकट्तम आफन्तीहरू पनि त्यसबाट घृणा गर्न थाल्छन् त्यसका आफ्नै छोरा छोरी, दाजु भाइ, दिदी बहिनी, आमा पिता त्यससित घृणा गर्न थाल्छन् किनकि त्यो आफ्नो

ईर्ष्याको उन्मादमा सबैको हकहुकूक बिर्सिदिन्छ। अनि त्यो संसारमै आफ्नो ईर्ष्याको सजाय भोग्न थाल्छ।

यो यस्तो रोग हो जसले मनुष्यको शरीरको साथ साथै त्यसको पुण्यलाई पनि खाइदिन्छ र त्यसलाई खराएर भस्म गरिदिन्छ। जस्तो कि हदीसमा वर्णन छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : ईर्ष्या पुण्यलाई (सुकर्मलाई) यस्तै निल्न थाल्छ जस्तो कि आगो दाउरोलाई खाइदिन्छ। ( अबू दाऊद )

र आर्को रोग कञ्जूसीको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

अर्थ : कञ्जूसीबाट सधैं बच्नु यसले तिमीभन्दा पहिलाका मानिसहरूलाई बर्बाद पारिसकेको छ। ( बुखारी, मुस्लिम )

उपरोक्तका कुराहरूबाट यो प्रष्ट भयो कि ईर्ष्या, कञ्जूसी, घृणा आदि सबै हाम्रो लागि हानिकारक छन्, यसबाट टाढा रहनुमा नै हाम्रो लाभ र भलाई एवं सफलता नीहित छ। र यदि कसैलाई यो रोगहरू लागेका छन् भने वैध वा चिकित्सक साम् जानुबाट कुनै लाभ हुनेछैन, बरु यसको औसधि त तपाईको पासमा नै छ, तपाईको घरमै छ त्यो हो कुरआनको पाठ र त्यसका श्लोकहरूमा चिन्तन् मनन् गर्नु र त्यसका श्लोकहरू बमोजिम जीवन व्यतीत गर्नु। कुरआनमा सबै हृदयरोगको उपचार राखिएको छ तपाई मात्र त्यस अनुसार कार्य त गर्नुस्। अल्लाहको फर्मान छ :

अर्थ : र उनीहरूका हृदयको दुःख र क्रोध हटाउनेछ र अल्लाह जसलाई चाहन्छ त्यसमाथि दयादृष्टि राख्दछ। र अल्लाह सर्वज्ञाता, तत्वदर्शी छ। ( सूरतुत्तौबा १५ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :
अर्थ : हे मानिसहरू ! तिम्रो समीपमा पालनकर्ताको तर्फबाट उपदेश र हृदयका रोगहरूका निम्ति उपचार र मोमिनहरूको लागि मार्गदर्शन र वरदान आइपुगेको छ । ( सूरतु यूनुस ५७ )
र आर्को सूरतमा अल्लाहको भनाई छ :
अर्थ : यो कुरआन जुन हामी उतार्दैछौं मोमिनहरूका लागि स्वस्थकर र दया हो, र अत्याचारीहरूका लागि त यसबाट हानिमा नै वृद्धि हुनेछ । ( सूरतुल् इस्रा ८२ )
र आर्को सूरतमा अल्लाहको भनाई छ :
अर्थ : र यदि हामीले यस कुरआनलाई गैर अरबी भाषामा अवतरित गरेको भए त उनीहरूले भन्थे कि "उसका आयातहरू (हाम्रो भाषामा) स्पष्ट रूपले किन वर्णन गरिएन ? यो अनौठो कुरा हो कि गैर अरबी किताब छ र रसूल( संदेष्टा) अरबी ?" तपाईं भनिदिनुस् कि यो त "ती मानिसहरूको निम्ति जसले ईमान ल्याए, मार्गदर्शन र आरोग्य छ, तर जसले ईमान ल्याएका छैनन् उनका कानहरूमा बहिरोपन र बोझ छ (सुन्दैनन्) र त्यो (कुरआन) उनीहरूका निम्ति अन्धोपन (प्रमाणित भइराखेको) छ, उनीहरू यस्ता छन् जसलाई मानौं कुनै टाढा ठाउँबाट पुकारिदैछ ।" ( सूरतु फुस्सिलत ४४ )
उपरोक्तका श्लोकहरूबाट यो कुरा प्रष्ट हुन्छ कि यस जस्ता हृदयका रोग र अन्य रोगहरूको औसधि र उपचार कुरआनमा छ । यसले गर्दा हे भाइ यस रोगको छिटै भन्दा छिटै उपचार गर, नत्र यो यस्तो रोग हो जुन दिनप्रतिदिन बढ्दै जान्छ र

अरु रोगहरूलाई आफ्नो साथ मिलाउँदै जान्छ र तपाईलाई चिहान सम्म पुऱ्याएर नै छाड्छ।

हे भाइ ! यो संसार एकदिन क्षतविक्षत हुनेछ, धन सम्पत्ति, घरपरिवार, श्रीमती संतान, राजपाट केही पनि बाँकी रहने छैन। र जुन दिन यसो हुनेछ त्यसदिन तिम्रो ईर्ष्या, तिम्रो धन सम्पत्ति, तिम्रो राजपाट केही तिम्रो काम लाग्ने छैन । बरु त्यसदिन त आफन्तीहरू तिमीलाई हेरेर लुकाई हाल्ने छन् र तिम्रो आफ्नै छोरा छोरी र श्रीमती पनि अनदेखा गरेर हिंड्न थाल्छन् यो सोचेर कि तिमी तिनीहरूसित माँग गर्ने प्रयास नगर । त्यस दिन मान्छेहरूको अवस्थाको बारेमा अल्लाहको यो भनाई हेर्नुस् !

अर्थ : तसर्थ जब कानै च्यातिने (कियामतको) प्रचण्ड आवाज आउनेछ । त्यसदिन मानिस आफ्ना दाजुभाइहरूबाट । र आफ्नो आमा र बाबुबाट। र आफ्नो श्रीमती र छोराहरूबाट भाग्नेछ। यी मध्ये प्रत्येक व्यक्तिलाई त्यसदिन यस्तो चिन्ता हुनेछ जुन उसैको लागि प्रयाप्त हुनेछ। ( सूरतु अबस ३३-३७ )

त्यो प्रलयको दिन यति भयंकर हुने छ कि अल्लाहको भय सबैको टाउको माथि ताण्डव गर्ने छ, पूर्ण सृष्टि अल्लाहको भयले कम्पित हुने छन्। अल्लाहको फर्मान छ :

अर्थ : जब सूर्यलाई बेरिहालिनेछ, र ताराहरूले आफ्नो चमक गुमाउनेछन्। र जब पहाडहरू चलाइनेछन्। र जब १० महिने गर्भवती ऊँटनीहरू भगाई हालिनेछन्। र जब जंगली जनावरहरू एकत्रित गरिनेछन्। र जब समुन्द्रहरू उत्तेजित गरिनेछन्। जब आत्माहरू (शरीरसँग) मिलाइनेछन्। र जब

जीउँदै गाडिएको केटीसंग सोधिनेछ, । कि कुन गुनाहको कारण उसलाई मारिएको थियो । र जब कर्मपत्र खोलिनेछन् । र जब आकाशको छाला उघारिनेछ । र जब नर्कको आगो प्रज्जवलित गरिने छ । र जब बहिश्त (स्वर्ग) नजीक ल्याइनेछ । तब त्यसदिन हरेक व्यक्तिले थाहा पाइहाल्नेछ कि उसले के लिएर आएको छ । ( सूरतुत्तक्वीर १-१४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : जब आकाश क्षतविक्षत भइहाल्नेछ, र जब ताराहरू झरिहाल्नेछन् । र जब समुन्द्र बगेर जानेछन् । र जब चिहानहरू उत्खनित हुनेछन् । तब हर व्यक्तिले थाहा पाउने छ कि उसले अगाडि के पठाएको थियो र पछाडि के छोडेको थियो ? ( सूरतुल् इन्फितार १-५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : जब आकाश छिया-छिया परिहाल्नेछ । र आफ्नो पालनकर्ताको आदेशको पालना गर्ने छ र उसलाई पनि यही चाहियो । र जब धरतीलाई समतल पारिदिइनेछ । र जे-जति त्यसमा छ, त्यसलाई बाहिर फ्याँकिदिनेछ र (बिल्कुलै) रित्तो भइहाल्नेछ । ( सूरतुल् इन्शिकाक १ - ४ )

त हे भाइ ! उपरोक्तका आयतहरूबाट उपदेश ग्रहण गर र यस दुनियाको मायालाई त्याग, र कसैबाट घृणा र ईर्ष्या नगर, बरु प्रेमभावलाई प्रचलित गर, यसैमा सबैको भलाई छ ।

हे भाइ ! आफ्नो लोक परलोकको जीवनलाई सफल बनाउनको लागि कुरआनको पाठ गर र त्यसमा चिन्तन् मनन् गरेर सोच विचार गर, र त्यसका निर्देशनहरू बमोजिम

आफ्नो जीवन व्यतीत गर्ने प्रयत्न गर । अनि अल्लाह तिमीलाई त्यस स्वर्गको उत्तराधिकारी बनाउने छ जसका अनुकम्पाहरूलाई नत कुनै आँखाले हेरेको छ नत कुनै कानले सुनेको छ नत कुनै हृदयले त्यसको कल्पना नै गर्न सक्नेछ । अल्लाह स्वर्गका केही अनुकम्पाहरूको वर्णन कुरआनमा यस प्रकार गरेको छ ।

अर्थ : र जुन मानिस आफ्नो पालनकर्ताको सामु उभिनुबाट डर मान्यो, उसको निम्ति दुईवटा स्वर्गहरू छन्, त तिमीले आफ्नो पालनकर्ताको कुन- कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? ती दुवै स्वर्गहरूमा धेरै हाँगाहरू हुने छन् । त तिमीले आफ्नो पालनकर्ताको कुन- कुन अनुकम्पालाई असत्य ठहराउनेछौ ? यी दुवै बगैंचाहरूमा दुईटा प्रवाहित झरनाहरू छन्, त तिमीले आफ्नो पालनकर्ताको कुन- कुन अनुकम्पालाई असत्य ठहराउनेछौ ? ती दुवै बगैंचाहरूमा प्रत्येक स्वादिष्ट फलका दुई-दुई किसिम हुने छन् । अतः तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? स्वर्गमा रहनेहरू यस्ता ओछ्यानमा तकिया लगाएर बसेका हुनेछन्, जसको अस्तर बाक्लो रेशमका हुनेछन्, र दुवै बगैंचाका फलहरू नजिकै हुनेछन् । त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पलाई असत्य ठहराउने छौ ? त्यहाँ आँखा झुकाएका लज्जालु स्त्रीहरू (अप्सरा) हुनेछिन्, जसलाई जन्नतवाला भन्दा पहिला न कुनै मानिसले स्पर्श गरेको हुन्छ र न कुनै जिन्नले, त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? ती (अप्सरा) स्त्रीहरू याकूत र मूँगा जस्ती हुने छिन् । त

तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? भलाईको बदला भलाई बाहेक अरु के हुनेछ ? त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पलाई असत्य ठहराउने छौ ? र यी बगैंचाहरू बाहेक दुईवटा अरु बगैंचाहरू छन्, त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पलाई असत्य ठहराउने छौ ? दुवै निकै गाढा हरिया छन् । त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पलाई असत्य ठहराउने छौ ? ती दुवै बगैंचाहरूमा दुईवटा बग्ने झरनाहरू प्रवाहित भइराखेका छन, त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? यिनीहरूमा स्वादिष्ट फल, मेवाहरू खजूर र अनारहरू हुने छन् । अतः तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? यिनीहरूमा चरित्रवान र सुन्दर स्त्रीहरू छिन् । त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? गोरो रंग भएकी ती स्त्रीहरू स्वर्गका खीमाहरूमा रहनेवाली हुन् । त तिमीले (हे मानव र जिन्न) आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? जसलाई पहिला न कुनै मनुष्यले छोएको हुन्छ र न कुनै जिन्नले, त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? उनीहरू हरिया रेशमी डसना र उत्कृष्ट र असाधारण गलैंचाहरूमा तकिया लगाएर बसेका हुनेछन् । ( सूरतुर्रहमान ४६- ७६ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

अर्थ : तिनीहरू बिल्कुल (अल्लाहका) सामिप्यता प्राप्त हुन् । अनुकम्पाले भरिएको जन्नतमा छन् । धेरै ठूलो समूह त

अघिका मानिसहरूको हुनेछ । र थोरै पछिका मध्येबाट । यिनीहरू सुनका तारहरूले बनेका पलंगहरू माथि, एक अर्काको सामुन्ने तकिया लगाएर बसेका हुने छन् । उनको पासमा किशोरहरू जो सधैं (बालक नै रहनेछन् । आउंदै जांदै गर्नेछन्) । अर्थात् प्याला र जगमा स्वादिलो पेयले भरिएको पात्र लिएर हिंडिरहने छन् । जसबाट न त टाउकोमा दर्द हुनेछ र न उनको बुद्धिमा विकार आउनेछ । र त्यस्ता फलहरूको साथ जुन कि उनले रुचाउँछन् । र पंक्षीका मासु जुन तिनीहरूले रुचाउँछन् । र ठूला-ठूला आँखा भएकी ( अप्सरा) हूरहरू, जो लुकेको मोती जस्ती हुने छिन् । यो उनीहरूको कर्मको प्रतिफल हो । त्यहाँ न व्यर्थका कुरा सुन्नेछन् र न गुनाहका । उनीहरूको आपसमा सलामको आदान-प्रदान मात्र हुनेछ । र दाहिना हातवालाहरू निकै ( भाग्यशाली) हुनेछन्, उनी काँडा नभएका वैरहरू, र गुच्छेदार केराहरू, र परसम्म फैलिएका छाँयाहरू, र पानीका झरनाहरू, र प्रशस्त फलहरूमा, जुन कहिल्यै समाप्त हुने छैनन् र उनीबाट कसैले रोक्ने छैन, र अग्ला, अग्ला ओछ्यानमा हुनेछन्, हामीले उनीहरूका स्वास्नीहरूलाई विशेष प्रकारले सृष्टि गरेका छौं । अनि उनीहरूलाई हामीले कुमारी ( पवित्र) बनायौं । समान उमेरकी र मायालु , दाहिने हातवालाहरूको निम्ति हुन । ( सुरतुल् वाकिअ: ११-३८ )

त हे भाइ ! यस्तो अनुकमपा पाउने इच्छुक छौ भने त्यसै बाटोमा हिंड जसमा अल्लाहका सदाचारी भक्तहरू हिंडे र स्वर्गको अधिकारी भए । यसले गर्दा ईर्ष्या, कुटिल्ता घृणा आदिबाट तौबा गरेर अल्लाहको अगाडि नत्मसतक होऊ

तिम्रो समस्त रोगहरू संचो हुनेछन् र तिम्रो समस्त पापहरू पनि नष्ट हुनेछन् बरु सबै पापहरू पुण्यमा परिणत हुनेछन् र तिमी पनि दाहिना हातवालाहरूको समूहमा स्थान पाउने छौं र खुशी खुशी स्वर्गमा प्रवेश गर्नेछौ ।

अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई ईर्ष्याबाट बचाई सत्मार्गमा हिंडने सुअवसर प्रदान गरुन् र हाम्रा हृदयहरूलाई समस्त रोगहरूबाट स्वच्छ पारुन्, र हामीलाई आफ्नो स्वर्गमा अग्ला अग्ला स्थान प्रदान गरुन् ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभान्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-
9727649238
00966-0501372254

Email- atiqkhannp1982@yahoo.com